तीनपाटन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्पवटार, सिन्धुली
३ नं. प्रदेश, नेपाल
२०७३

आज मिति २०७६ साल भाद्र २५ गते बुधबारका दिन तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको नियमित बैठकमा तपशीलका प्रस्ताव माथि छलफल गरी यसप्रकार निर्णय गरियो ।

## उपस्थिति

श्री कर्ण बहादुर मगर - अध्यक्ष

श्री पदममाया तामाङ - उपाध्यक्ष

श्री राजन थापा- प्रमुख प्रशासकीय अधिकृत

श्री गोविन्द राउत - कार्यपालिका सदस्य

— श्री हेम बहादुर श्रेष्ठ - कार्यपालिका सदस्य

— श्री लाल बहादुर स्याङतान - कार्यपालिका सदस्य

श्री खडग बहादुर भुजेल - कार्यपालिका सदस्य

श्री दिनेश कुमार रमौली - कार्यपालिका सदस्य

श्री बीर बहादुर पुलामी - कार्यपालिका सदस्य

श्री कोमल बहादुर खपाङ्गी - कार्यपालिका सदस्य

श्री रेखराज अधिकारी - कार्यपालिका सदस्य

श्री शेर बहादुर मगर - कार्यपालिका सदस्य

श्री पुण्यहरि भुजेल - कार्यपालिका सदस्य

श्री हितलाल श्रेष्ठ - कार्यपालिका सदस्य

श्री दुध कुमारी ठकुरी - कार्यपालिका सदस्य

तीनपाटन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाम्पनटार, सिन्धुली
३ नं. प्रदेश, नेपाल
२०७३

श्री जगदिश्वर तोलाङ्गी - कार्यपालिका सदस्य

श्री गीतामाया थापा - कार्यपालिका सदस्य

श्री देबमाया श्रेष्ठ - कार्यपालिका सदस्य

श्री भगवती श्रेष्ठ - कार्यपालिका सदस्य

श्री टेक बहादुर परियार - कार्यपालिका सदस्य

श्री गोपाल बहादुर पनाडी (उपभोक्ता समिति)

प्रस्तावहरु:

१. कार्यालयमा दर्ता भएको पत्र सम्बन्धमा ।

२. विपद् अनुगमनका लागि विभिन्न वडामा खटिएका कार्यापालिका सदस्यहरुको प्रतिवेदन सम्बन्धमा ।

३. बजेट, गाउँपालिकाको प्रोफाईल सार्वजनिकीकरण तथा दशैं, तिहार र छठ पर्वको शुभकामना आदन-प्रदान कार्यक्रम सम्बन्धमा ।

४. चालु आ.व. २०७६/७७ को योजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन सम्बन्धमा ।

५. विविध ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा, तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लाम्पनटार, सिन्धुलीमा दर्ता भएका पत्र माथि यस प्रकार निर्णय गरियो :-

- प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३, हेटौंडा, मकवानपुर, नेपालको प.सं. २०७६।०७७, च.नं. ११४ मिति २०७६।६।२० को पत्र अनुसार "गाउँपालिका स्तरीय सक्रियता तथा आयोजक समिति, नेपाल भ्रमण वर्ष-२०२०" गठन गर्नु भन्ने व्यहोरा बमोजिम यस प्रकार समिति गठन गर्ने निर्णय गरियो :-

१. अध्यक्ष :- कर्ण ब. मगर

२. सदस्य :- पदममाया तामाङ

३. सदस्यहरु :-

- गोविन्द राउत
- हेमबहादुर श्रेष्ठ

- लाल ब. स्याङ्तान
- खड्ग ब. भुजेल
- दिनेश कुमार रमौली
- वीर ब. पुलामी
- कमल ब. रूपाखेती
- रविराज अधिकारी
- भीर ब. लुहावी मगर
- पुण्यहरि भुजेल
- टिकलाल श्रेष्ठ

४. सदस्य सचिव :- प्रमुख प्रशासकीय अधिकृत, तीनपाटन गा.पा.

तीनपाटन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाम्पन्टार, सिन्धुली
३ नं. प्रदेश, नेपाल
२०७३

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा, तीनपाटन गाउँपालिकाको कार्यपालिकाको मिति २०७६।४।२५ गते बसेको बैठक ५ जना कार्यपालिका सदस्यलाई ५ समूह बनाई खटाइएकोमा प्राप्त प्रतिवेदनलाई आधार बनाई पूर्ण क्षति भएका घरलाई रु. १० हजार र अन्य सार्वजनिक संरचनाको लागि प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन अनुसार गाउँपालिकामा उपलब्ध सिमेन्ट, पाइप तथा तारजाली प्रयोग गरी विपद् व्यवस्थापन गर्ने निर्णय गरियो। पुनश्च: ६२ जना पूर्ण क्षति भएका व्यक्तिहरुलाई राहत उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा, आगामी मिति २०७६।६।०३ गते संविधान दिवसका दिन तीनपाटन गाउँपालिकाको आगामी चालु आर्थिक वर्ष २०७६/७७ को बजेट पुस्तक सार्वजनिकीकरण, प्रोफाइल सार्वजनिकीकरण, संविधान दिवस तथा दशैं तिहार र छठ पर्वको पावन अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गर्दै सो कार्यक्रममा प्रमुख अतिथिमा संघका माननीय, प्रदेश माननीय, प्रदेश माननीय विनोद खड्का, जिल्ला स्तरीय राजनीतिक दलका प्रतिनिधि, गाउँपालिका स्तरीय राजनीतिक दलका प्रतिनिधि सहित गाउँपालिकाको एकमुष्ठ शीर्षकबाट खर्च गर्ने गरी कार्यक्रम गर्ने निर्णय गरियो। साथै संविधान दिवसका सबै कार्यालयमा दिपावली बनाउने र नियमित रूपमा खर्च गर्ने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा, चालु आर्थिक वर्ष २०७६/०७७ को योजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन गर्ने कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

सिन्धुली
३ नं. प्रदेश, नेपाल
२०७३

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा, यस प्रकार निर्णय गरियो :-

- तिनपाटन गाउँपालिकाको दैनिक कार्यक्रम सञ्चालन तथा सहजीकरणका लागि कार्य समूह दर्ता कार्यविधि, आर्थिक सहायता कार्यविधि, गाउँ प्रहरी भर्ना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, बालबालिका मैत्री स्थानीय शासन सम्बन्धी कार्यविधि तयार पारी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।